National News

4/4/2024

प्रमुख समाचार

- प्रधानमन्त्रीले भन्नुभयो, NDA सरकारले भारतलाई विकसित देश बनाउन पूरा प्रयास गरिरहेछ
- दिल्ली प्रदेश भाजपा अध्यक्षको आपमाथि मानिसहरूको भावनामा ठेस पुऱ्याएको आरोप
- मार्क्सपवादी कम्युकनिस्ट पार्टीले जारी गऱ्यो लोकसभा चुनाउका लागि घोषणापत्र
- निर्वाचन आयोगले दियो आगामी चुनाउमा दिव्यांगजन र पचासी वर्षभन्दा अधिक उमेरका मानिसहरूलाई घरबाट मतदानको अधिकार
- चरणबद्ध रूपमा हुने आम चुनाउका लागि नामांकन भर्ने प्रक्रिया जारी

- PM Bihar

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, NDA सरकारले भारतलाई विकसित देश बनाउन पूरा प्रयास गरिरहेछ। बिहारस्थित जमुईको चुनावी ऱ्यालीमा श्री मोदीले भन्नुभयो, 2024-को लोकसभा चुनाउ भारतलाई विकसित बनाउनका लागि भइरहेछ। उहाँले भन्नुभयो, भारत चन्द्रमाको दक्षिणी धुव्रमा अन्तरिक्ष यान सफलतापूर्वक उतार्ने पहिलो देश बनेको छ। श्री मोदीले भन्नुभयो कि भारत अब विश्वको पाँचौं ठूलो अर्थव्यवस्था हो। प्रधानमन्त्रीले भारतले आतंकी गतिविधिमा शामेल र यस्तो गतिविधिलाई समर्थन दिनेहरूलाई ठाड़ो जवाफ दिएको छ भन्दै मगध साम्राज्यको प्राचीन गौरवलाई पुनः बहाल गरेको बताउनुभयो। श्री मोदीले दावी गर्नुभयो कि कंग्रेस सत्तामा हुँदा गहूँको आयातमा निर्भर साना-साना देशले पनि भारतमा आतंकी आक्रमण गराउँदथिए। उहाँले जमीनको साटो नौकरीको घोटालाको पनि उल्लेख गर्नुभयो, जसमा राजद अध्यक्ष श्री लालू प्रसाद आरोपी हुनुहुन्छ।
प्रधानमन्त्री जमुईबाट लोक जनशक्ति पार्टीका उम्मेदवार श्री अरुण भारतीका लागि प्रचार गर्दैहुनुहुन्थ्यो।

----------------------------------------X----------------------------------------

- Delhi BJP-AAP

दिल्ली प्रदेश भाजपा अध्यक्ष श्री वीरेन्द्र सचदेवाले आम आदमी पार्टीमाथि मानिसहरूको भावनामा ठेस पुऱ्याएको आरोप लगाउँदै आपले शहीत ए आजम सरदार भगत सिंह र डाक्टर BR अम्बेडकरको तस्वीरबीच लगाइरहेको श्री अरविन्द केजरीवालको फोटो तत्काल हटाउने माग गर्नुभएको छ।
श्री सचदेवाले भन्नुभयो कि श्री केजरीवालमाथि भ्रष्टाचारको आरोप छ अनि उहाँको फोटो राष्ट्रभक्तहरूबीच लगाउनु उहाँहरूको गरिमालाई अपमान गर्नु हो।

----------------------------------------X----------------------------------------

- ## MCP Manifesto

मार्क्सवादी कम्युकनिस्ट पार्टीले आज लोकसभा चुनाउका लागि घोषणापत्र जारी गऱ्यो। पार्टी महासचिव श्री सीताराम येचुरी, पोलिट ब्यूारो सदस्या श्री प्रकाश करात, श्रीमती बृन्दा करात, श्री नीलोत्पाल बासु र श्री तपन सेनले नयाँ दिल्लीमा घोषणापत्र जारी गर्नुभयो। पार्टीले धनाढ्य वर्गमा कर लगाउने, उत्तराधिकार कर र सामान्य सम्पत्ति करमा कानून बनाउने तथा निजी क्षेत्रमा आरक्षण, चुनाउका लागि सरकारी चन्दा जुटाउने तथा राजनीतिक दलहरूलाई प्राप्त हुने कर्पोरेट चन्दामा प्रतिबन्ध लगाउने बाचा गरेको छ। घोषणापत्रमा भनिएको छ, पार्टी कामको अधिकारलाई संवैधानिक अधिकार बनाउनप्रति वचनबद्ध छ। पार्टीले अवैध गतिविधि रोकथाम अधिनियम तथा धन-शोधन रोकथाम अधिनियमलाई रद्ध गर्ने पनि बाचा गरेको छ।

---------------------------------------X---------------------------------------

- ## BJP Manifesto

अर्कातिर, भारतीय जनता पार्टीको चुनाउ घोषणा पत्र समितिको बैठक नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा जारी छ। समितिले लोकसभा चुनाउका लागि पार्टीको घोषणा पत्रलाई अन्तिम रूप दिनेछ। भाजपाका वरिष्ठ नेता तथा केन्द्रिय मन्त्री श्री राजनाथ सिंहको अध्यक्षतामा सत्ताइस सदस्यीय समितिको यो दोस्रो बैठक हो। बैठकमा पार्टीकी वरिष्ठ नेता तथा केन्द्रिय मन्त्री श्रीमती निर्मला सीतारामन, श्री अश्विनी वैष्णव, श्री किरेन रिजिजू र अन्य नेता शामेल छन्।

यसैक्रममा, लोकसभा चुनाउका लागि कंग्रेसले भोली आफ्नो घोषणापत्र जारी गर्नेछ। सो अवसरमा पार्टी अध्यक्ष श्री मल्लीकार्जुन खड्गे र वरिष्ठ नेता श्री राहुल गान्धी उपस्थित रहनुहुनेछ।

---------------------------------------X---------------------------------------

- ## Election Special

मतदाताहरूको सुविधाका लागि निर्वाचन आयोगले विशेष प्रयास गरिरहेछ। एक समय यस्तो पनि थियो जब वरिष्ठ नागरिक र दिव्यांगजनले भोट दिन मतदान केन्द्र जानुपर्दथियो। लामो लाइनमा उभिएर गर्मीमा दुःख झेल्नु धेरै कठिन थियो। तथापि, अब उनीहरूका लागि विकल्पत उपलब्ध छ। निर्वाचन आयोगले वरिष्ठ नागरिक र दिव्यांगजनका लागि घरबाट भोट दिने पहल शुरू गरेको छ।

---------------------------------------X---------------------------------------

- ## Puducherry Home Voting

निर्वाचन आयोगले आगामी चुनाउमा चालीस प्रतिशतभन्दा अधिक दिव्यांगजन र पचासी वर्षभन्दा अधिक उमेरका मानिसहरूलाई घरबाट मतदानको अधिकार दिएको छ। पुडुचेरी, माहे र यनम क्षेत्रका घरहरूबाट दुई अप्रेलदेखि शुरू भएको मतको संग्रह छह अप्रेलसम्म अनि कराइकल क्षेत्रमा आजदेखि शुरू भएको मतको संग्रह छह अप्रेलसम्म जारी रहनेछ।

यस केन्द्रशासित प्रदेशमा घरबाट मतदान गर्नका लागि यी दुई श्रेणीमा कुल दुई हजार आठ सय अठतरजना मतदाताले आवेदन गरेका छन्। मतदानअघि केवल पैंतालीसजना सेवारत कर्मीहरूले सुविधा केन्द्रमा मतदान गर्ने विकल्प चुनेका छन्।

---------------------------------------X---------------------------------------

- **VP**

उपराष्ट्रपति श्री जगदीप धनखडले आज नयाँ दिल्लीको संसद भवनमा धोलपुर राष्ट्रिय सेना विद्यालयका विद्यार्थीहरूसित कुराकानी गर्नुभयो। यी विद्यार्थीले राज्यसभाद्वारा आयोजित तीन दिवसीय अध्ययन भ्रमण कार्यक्रममा भाग लिइरहेछन्।

---------------------------------------X---------------------------------------

- **Jammu-Kashmir Nomination**

जम्मू कश्मीरमा पाँचवटा विधानसभा सीटहरूका लागि छब्बीसजना उम्मेदवारहरूले नामांकन पत्र भरेका छन्। जम्मू कश्मीरमा दोस्रो चरणमा छब्बीस अप्रेलका दिन मतदान हुनेछ। जम्मू रियासी विधानसभा क्षेत्रमा तीनवटा जिल्ला छन्, जसमा लगभग नौं लाख पुरूष, साढे आठ लाख महिला र अठारजना ट्रान्सजेन्डर मतदाता शामेल छन्। नामांकन भर्ने अन्तिम मिति आज दिउँसो तीन बजीसम्म थियो अनि 8 अप्रेलसम्ममा नाम फिर्ता लिन सकिनेछ।

---------------------------------------X---------------------------------------

- **Kerala Nomination**

यसैक्रममा, केरलको बीस संसदीय सीटमा दोस्रो चरणको मतदानका लागि नामांकन दर्ता गर्ने समय आज पूरा हुनका साथै UDF, LDF र NDA-सित सम्बन्धित धेरै उम्मेदवारहरूले मनोनयन पत्र भरे।

त्रिशूर संसदीय क्षेत्रबाट NDA उम्मेदवार तथा अभिनेता श्री सुरेश गोपी, UDF उम्मेदवार श्री K मुरलीधरन अनि NDA उम्मेदवार र प्रदेश भाजपा अध्यक्ष श्री K सुरेन्द्रनले वायनाड निर्वाचन क्षेत्रबाट नामांकन दर्ता गर्नुभयो।

यसैगरी AICC महासचिव श्री KC वेणुगोपालले अलाप्पुझामा UDF उम्मेदवारको रूपमा चुनाउ लड़िरहनुभएको छ भने उहाँका प्रतिद्वन्द्वी LDF-का श्री KAM आरिफले पनि नामांकन दर्ता गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **President Mumbai**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले आज मुम्बईमा भारतीय प्रौद्योगिकी संस्थान, IIT बम्बेमा भारतको पहिलो स्वदेशी CAR-T थेरापी राष्ट्रलाई समर्पित गर्नुभयो।

यस अवसरमा राष्ट्रपतिले भन्नुभयो, यो उपचार, CAR-T सेल थेरापी सुलभ र सस्तो छ, जसले सारा मानव जातिका लागि एउटा नयाँ आशा प्रदान गर्दछ। उहाँले भारतको पहिलो जीन थेरापी अनगन्ति बिरामीहरूलाई नयाँ जीवन दिनमा सफल रहने आशा व्यक्त गर्नुभयो।

नेक्सत CAR-19 CAR-T थेरापी भारतको पहिलो स्वदेशी थेरापी हो, जुन विश्वको सबैभन्दा सस्तो थेरापी भएको कारण यसले देशको उन्नत सेल र जीन थेरापीको वैश्विक मानचित्रलाई दह्रिलो बनाउँदछ।

---------------------------------------X---------------------------------------

- <u>Sonia Gandhi RS Oath</u>

कंग्रेसकी वरिष्ठ नेता श्रीमती सोनिया गान्धी तथा केन्द्रिय मन्त्री श्री अश्विनी वैष्णवले आज राज्यसभा सांसदको रूपमा शपथ लिनुभयो। राज्यसभाका सभापति श्री जगदीप धनखड़ले उहाँहरूलाई शपथ दिलाउनुभयो। बाह्र अन्य नवनिर्वाचित राज्यसभा सांसदहरूले पनि शपथ लिए, जसमा भारतीय जनता पार्टीका श्री RPN सिंह, जनता दल यूनाइटेडका श्री संजय कुमार झा र कंग्रेसका श्री अजय माकन शामेल छन्।

---------------------------------------X---------------------------------------

- <u>Karnataka Anuraj Thakur</u>

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा सूचना एवं प्रसारण मन्त्री श्री अनुराग सिंह ठाकुरले आज बेंगलुरु दक्षिणबाट भाजपा उम्मेदवार श्री तेजस्वी सूर्याको ऱ्यालीमा पार्टी समर्थकहरूलाई सम्बोधन गर्नुभयो। यस अवसरमा श्री ठाकुरले कंग्रेसको एक वर्षको शासनमा बेंगलुरुले पानीको भारी कमीको सामना गर्नुपरिरहेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, यो शहर मुम्बईपछि दोस्रो सबैभन्दा अधिक कर राजस्व दिने शहर हो, जसले अब पानीको कमीको सामना गरिरहेछ। उहाँले कंग्रेसमाथि PFI-लाई शरण दिएको र SDPI-बाट समर्थन लिएको पनि आरोप लगाउनुभयो। श्री ठाकुरले विगत दस वर्षमा केन्द्र सरकारले पूरा गरेका विकास परियोजनाहरूको आंकड़ा पेश गर्नुभयो।

---------------------------------------X---------------------------------------

- <u>Delhi BJP</u>

दिल्ली प्रदेश भाजपा अध्यक्ष श्री वीरेन्द्र सचदेवाले भन्नुभयो, पार्टीले भोलीदेखि तेहीस अप्रेलसम्म सांस्कृतिक पर्व उत्सव पालन गर्नेछ। उहाँले भन्नुभयो, विशेष सांस्कृतिक पर्व उत्सवको माध्यमबाट कार्यकर्ताले मानिसहरूलाई भाजपासित जोड्नेछन् साथै घर-घरमा प्रधानमन्त्रीको विकसित भारत कार्यक्रमको चर्चा गर्नेछन्। उहाँले तेहीस अप्रेलसम्म पालन गरिने उत्सवको बारेमा पनि जानकारी दिनुभयो। उहाँले भन्नुभयो कि भोली पाँच अप्रेलमा निषादराज जयन्ती पालन गरिनेछ, जसको मुख्य कार्यक्रम OBC मोर्चाले आयोजित गर्नेछ। यसरी नै छह अप्रेलमा भाजपाको स्थापना दिवस हो, जुन दिन प्रत्येक बुथ स्तरमा डाक्टर श्यामा प्रसाद मुखर्जीको चित्र लगाएर माल्यार्पण गरिनेछ।

---------------------------------------X---------------------------------------